च.नं.-१६५

# नेपाली कांग्रेस

केन्द्रीय कार्यालय

बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

नेपाली कांग्रेस नेपाल केन्द्रीय कार्यालय

माघ ३, २०८१

श्री सभापतिजी,
नेपाली कांग्रेस जिल्ला कार्यसमिति
**(सबै जिल्लाहरूका लागि)** ।

**विषय : क्रियाशील सदस्यता नविकरण सम्बन्धी परिपत्र ।**

नेपाली कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको २०८१ पौष १९ गते बसेको बैठकको निर्णय अनुसार पार्टीको विधान, नियमावली र यस अगाडि गरिएका परिपत्र बमोजिम वडा, गाउँ-नगरपालिका, प्रदेश सभा क्षेत्र, प्रतिनिधि सभा क्षेत्र र जिल्ला सम्मका सबै कार्यसमितिहरुले नवीकरण कार्य निर्धारित मितिमा सम्पन्न गरी क्रियाशील सदस्यता नवीकरण सम्बन्धी निर्णयको प्रतिलिपि, अद्यावधिक विवरण, सदस्यता शुल्क लगायतका कागजात सहित जिल्लाको प्रतिवेदन **२०८१ चैत्र २९ गते शुक्रबार ३.०० बजेसम्म** अनिवार्य रूपमा पार्टी केन्द्रीय कार्यालयमा प्राप्त हुने गरी पठाउनु हुन अनुरोध छ ।

नेपाली कांग्रेसको नियमावली, २०७६ को नियम ५(४)(३) बमोजिम वडा, पालिका, प्रदेश सभा क्षेत्रीय समिति, प्रतिनिधि सभा क्षेत्रीय समितिले आफु भन्दा माथिल्लो निकायमा नविकरण फारम बुझाउँदा आफ्नो समितिले प्राप्त गर्ने प्रति क्रियाशील सदस्यता बापत रु. १०।- (दश) का दरले हुने रकम कट्टा गरी बाँकी रकम माथिल्लो तहमा बुझाउने र जिल्ला कार्यसमितिले समेत मातहतका तहहरूबाट प्राप्त भएका क्रियाशील सदस्यहरुको नविकरण फारम संख्याका आधारमा प्रति फारम रु. १० जिल्ला कार्यसमितिमा राखी बाँकी रहेको प्रति फारम रु. १५०।- (प्रदेश कार्यसमितिले प्राप्त गर्ने प्रति फारम रु. १०।- समेत गरी) का दरले एकमुष्ट रकम केन्द्रीय कार्यालयमा पठाउने ।

**समय तालिका**

**(क) तहगत रुपमा क्रियाशील सदस्यता नविकरण फारम रोकिएको भए रोकिएको तहबाट मातहतका तहमा पठाउने समय सिमा :**

१. एक भन्दा बढि प्रतिनिधि सभा क्षेत्र भएको जिल्लाका हकमा जिल्ला सभापतिले प्रतिनिधि सभा क्षेत्रीय सभापतिलाई क्रियाशील सदस्यता फारम र नामावली **२०८१ माघ १२ गते** बिहीबार दिनको ५.०० बजेसम्ममा अनिवार्य रुपमा बुझाई सक्नु पर्नेछ ।

२. एक मात्र प्रतिनिधि सभा क्षेत्र भएको जिल्लाका सभापति र एक भन्दा बढी प्रतिनिधि सभा क्षेत्र भएका जिल्लाका हकमा प्रतिनिधि सभा क्षेत्रीय सभापतिले प्रदेश सभा क्षेत्रीय सभापतिलाई क्रियाशील सदस्यता नविकरण फारम र नामावली **२०८१ माघ १३ गते** शुक्रबार दिनको ५.०० बजे सम्म अनिवार्य बुझाइ सक्नु पर्नेछ ।



टेलिफोन: (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Website : www.nepalicongress.org

३. प्रदेश सभा क्षेत्रीय सभापतिले गाउँ-नगरपालिका सभापतिलाई क्रियाशील सदस्यता फारम र सम्बन्धित गाउँ-नगरपालिकाका क्रियाशील सदस्यहरुको नामावली **२०८१ माघ १४ गते** शनिबार दिनको ५.०० बजे सम्ममा अनिवार्य बुझाई सक्नु पर्नेछ ।

४. गाउँ-नगरपालिका सभापतिले आफुले प्राप्त गरेको क्रियाशील सदस्यता नविकरण फारम र सम्बन्धित वडाका क्रियाशील सदस्यको नामावली **२०८१ माघ १५ गते** आइतबार ५:०० बजेभित्रमा अनिवार्य रुपमा वडा कार्यसमितिका सभापतिलाई बुझाई सक्नु पर्नेछ ।

## ख. वडामा क्रियाशील सदस्यता नविकरण गरिसक्ने समय सिमा :

१. सम्बन्धित वडा सभापतिले गाउँ-नगरपालिका सभापतिबाट प्राप्त क्रियाशील सदस्यता नविकरण फारम र नामावली अनुसार **२०८१ साल माघ १५ गते सोमबार देखि २०८१ फाल्गुन १ गते** सम्ममा वडा कार्यसमितिको बैठक राखि क्रियाशील सदस्यता नविकरण कार्य र नविकरण शुल्क रू. २००।- (दुई सय) मात्र लिई सम्पन्न गर्ने र नविकरण भएका क्रियाशील सदस्यहरुको फारम र सम्बन्धित क्षेत्रका क्रियाशील सदस्यहरुको नामावली र सदस्य शुल्क समेत अनिवार्य रुपमा सम्वन्धित गाउँ-नगरपालिका कार्यसमितिमा वुझाई सक्नु पर्नेछ ।

२. वडाहरुबाट प्राप्त नविकरण भई आएका क्रियाशील नविकरण फारम आवश्यक निर्णय/सिफारिस गरी नविकरण भएका क्रियाशील सदस्यता फारम र सदस्यता शुल्क रकम समेत **२०८१ साल फाल्गुन १० गते** भित्रमा प्रदेश सभा क्षेत्रीय कार्यसमितिमा वुझाई सक्नु पर्नेछ ।

३. गाउँ-नगरपालिका समितिबाट प्राप्त क्रियाशील सदस्यहरुको नविकरण भएका फारम र सदस्यता शुल्क **२०८१ फागुन २० गते** भित्रमा अनिवार्य रुपमा प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिमा बुझाउनु पर्नेछ ।

४. प्रदेश सभा क्षेत्रबाट प्राप्त भएका क्रियाशील सदस्यता नविकरण फारम र सदस्यता शुल्क **२०८१ फाल्गुन मसान्त** भित्रमा अनिवार्य रुपमा सम्वन्धित प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिमा वुझाई सक्नु पर्नेछ ।

५. एक भन्दा वढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएका प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिले प्रदेश सभा कार्यसमितिबाट प्राप्त भएका क्रियाशील सदस्यता नविकरण फारम र सदस्यता शुल्क **२०८१ चैत्र १५ गते**भित्रमा अनिवार्य रुपमा जिल्ला कार्यसमितिमा वुझाइ सक्नु पर्नेछ ।

६. जिल्ला कार्यसमितिहरुले मातहतका समितिबाट तहगत रुपमा नविकरण र आवश्यक सिफारिस भइ आएका क्रियाशील सदस्यता नविकरण फारमहरु जिल्लामै सुरक्षित राख्नु पर्नेछ ।



टेलिफोनः (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Website : www.nepalicongress.org

७. नवीकरण भएका क्रियाशील सदस्यहरुको नामावली र वडागत संख्या सहित सदस्यता शुल्क **'नेपाली कांग्रेस केन्द्रीय कार्यालय'** को नाममा **राष्ट्रिय वाणिज्य बैंक, टेकू शाखामा रहेको खाता नं. १७००१००००७१४६०१०** मा जम्मा गरी सो को भौचर **२०८१ साल चैत्र २९ गते शुक्रबार दिनको ३.०० बजे**भित्रमा केन्द्रीय कार्यालयमा अनिवार्य रुपमा प्राप्त हुने गरी पठाउनु पर्नेछ ।

८. नवीकरण रकम, नामावली र वडागत संख्याको विवरण केन्द्रमा प्राप्त भएपछि मात्र पार्टीको वेवसाइट www.nepalicongress.org मा नवीकरण डाटा इन्ट्री गर्नका लागि युजरनेम र पासवर्ड उपलब्ध गराइनेछ ।

**जय नेपाल !**

गगनकुमार थापा
**महामन्त्री**

**वोधार्थ एवं कार्यार्थ :**

१. श्री सभापतिजी,
नेपाली कांग्रेस प्रदेश कार्यसमिति (सबै प्रदेशहरुका लागि) ।

२. श्री सभापतिजी,
नेपाली कांग्रेस प्रतिनिधि सभा क्षेत्रीय कार्यसमिति (सबै प्रतिनिधि सभा क्षेत्रहरुका लागि) ।

३. श्री सभापतिजी,
नेपाली कांग्रेस प्रदेश सभा क्षेत्रीय कार्यसमिति (सबै प्रदेश सभा क्षेत्रहरुका लागि) ।

४. श्री सभापतिजी,
नेपाली कांग्रेस पालिका कार्यसमिति (सबै पालिकाहरुका लागि)

५. श्री सभापतिजी,
नेपाली कांग्रेस वडा कार्यसमिति (सबै वडाहरुका लागि) ।




टेलिफोन: (९७७-१) ५१८३२६३ / ५१८३२६४ / ५१८३२६५, फ्याक्स : (९७७-१) ५१८३२६६
E-mail: info@nepalicongress.org, Website : www.nepalicongress.org